प्रस्तावहरु:

१. जग्गा प्लटिङ व्यवस्थापन तथा जग्गा बिक्रि सिफारिस दस्तुर सम्बन्धमा ।

२. स्वास्थ्य कर्मचारी पदपूर्ति सम्बन्धमा ।

३. उपमेयर सुत्केरी पोषण कार्यक्रम सम्बन्धमा ।

४. प्राथमिक स्वस्थ्यकेन्द्र सुरुङ्गाको थप भवन सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा जग्गा प्लटिङ व्यवस्थापन मापदण्ड तथा जग्गा बिक्रि गर्दा लिईने सिफारिस दस्तुर सम्बन्धमा आवस्यक मापदण्ड तयार गरी १५ दिन भित्र सिफारिस गर्न तपशिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

| | | |
|---|---|---|
| श्री मञ्जु प्रसाइ | उपप्रमुख | संयोजक |
| श्री प्रेमबहादुर कटुवाल | वडा अध्यक्ष वडा न. ८ | सदस्य |
| श्री लक्ष्मीप्रसाद ओली | वडा अध्यक्ष वडा न. ६ | सदस्य |
| श्री रुद्रप्रसाद चिमोरिया | वडा अध्यक्ष वडा न. ३ | सदस्य |
| श्री सुनिता खरेल सिग्देल | कार्यपालिका सदस्य | सदस्य |

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्राथमिक स्वस्थ्य केन्द्र सुरुङ्गाको व्यावस्थापन समितिको मिति २०७४/०८/२८ गते बसेको बैठकवाट स्वास्थ्य बिमा कार्यक्रम र सुत्केरी सेवा कार्यक्रम संचालन गर्नको लागि फार्मेसी असिष्टेन १ जना अनमी ३ जना, कर्मचारी आवस्यक भएकोले उपलब्ध गराईदिन अनुरोध भई आएको साथै यस नगरको स्वीकृत कार्यक्रम र स्वास्थ्य तर्फको सशर्त अनुदानमा स्वास्थ्य कर्मचारी व्यवस्थापन शिर्षकमा बजेट बिनियोजन समेत भएकोले खुल्ला प्रतिस्पर्धावाट सेवा करारमा कर्मचारी छनोट गरी सिफारिस देहाय बमोजिमको पदपूर्ति समिति निर्माण गरी कार्य अघाडी बढाउने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री प्रेमबहादुर कटुवाल | वडा अध्यक्ष वडा न. ८ | संयोजक |
| अधिकृत प्रतिनिधि १ जना | जिल्ला जनस्वास्थ्य कार्यालयको | सदस्य |
| डक्टर प्रतिनिधि १ जना | प्रा.स्वा. सुरुङ्गा | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | क.न.पा. | सदस्य सचिव |

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा उपमेयर सुत्केरी पोषण कार्यक्रम सम्बन्धि कार्यविधि तयार गरी १५ दिन भित्र पेश गर्न तपशिल बमोजिमको समिति निर्माण गर्ने निर्णय गरियो ।

तपशिल

| | | |
|---|---|---|
| श्री सुनिता खरेल सिक्देल | कार्यपालिका सदस्य | संयोजक |
| श्री सावित्र बर्देवा | कार्यपालिका सदस्य | सदस्य |
| श्री कृष्णमाया भुजेल | कार्यपालिका सदस्य | सदस्य |
| श्री सिता अधिकारी | कार्यपालिका सदस्य | सदस्य |
| श्री देवेन्द्र कुमार दर्जी | कार्यपालिका सदस्य | सदस्य |

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकामा अवस्थित प्राथमिक स्वास्थ्यकेन्द्र सुरुङ्गाको नव निर्माण भवनमा बिरामीको चापलाई परिपूर्ति गर्नको निम्ति अपर्याप्त हुने हुँदा सघन उपचार/आपतकालिन सेवाको लागि छुट्टै भवन आवश्यक देखिएकोले आवश्यक भवन निर्माणको लागि सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, ईलामलाई अनुरोध गर्ने निर्णय गरियो।